मर्स्याङ्दी गाउँपालिकाको आधिकारीक मासिक प्रकाशन

# मर्स्याङ्दी बुलेटीन

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधारः कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार"

वर्षः २ | अङ्कः १३ | मितिः २०८० साउन १० गते, बुधबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति







## मर्स्याङ्दी गाउँपालिका गाउँसभाको पन्ध्रौं अधिवेशन सम्पन्न




### नीति तथा कार्यक्रम प्रस्तुत




**मर्स्याङ्दी गाउँपालिका, ५ असार ।**

मर्स्याङ्दी गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूले मिति २०८० असार ५ गते प्रस्तुत गर्नुभयो । उक्त नीति तथा कार्यक्रममा आर्थिक विकास, पूर्वाधार विकास, वन-वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत संरचना, सेवा प्रवाह, सुशासन तथा पारदर्शिता, सूचना प्रविधिको उच्च प्रयोग लगायतका विषयमा विशेष प्राथमिकता दिइएको छ ।



### बजेट वक्तव्य प्रस्तुत

**मर्स्याङ्दी गाउँपालिका, १० असार ।**

मर्स्याङ्दी गाउँपालिकाका उपाध्यक्ष जुनामाया थापाज्यूबाट मिति २०८० असार १० गते गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य प्रस्तुत भएको थियो । आर्थिक वर्ष २०८०/८१ मा कुल ५२ करोड ४४ लाख ४५ हजार ९ सय ४२ रुपैयाँको बजेट विनियोजन भएको छ । जसमा चालु तर्फ रु. ७ करोड ३० लाख, पूँजीगत तर्फ रु. १७ करोड १३ लाख, गरिबसँग विशेश्वर कार्यक्रम तर्फ रु. ४ लाख ६५ हजार र प्रदेश तथा स्थानीय क्षमता विकास कार्यक्रम तर्फ ३ लाख ८० हजार ९ सय ४२ रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।




### बजेट तथा कार्यक्रम पारित



**मर्स्याङ्दी गाउँपालिका, १० असार ।**

मर्स्याङ्दी गाउँपालिकालका गाउँसभाको पन्ध्रौं अधिवेशनको दोस्रो बैठक मिति २०८० असार १० गते आर्थिक वर्ष २०८०/८१ को बजेट तथा गाउँपालिकाको आर्थिक विधेयक, २०८० र गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन विधेयक, २०८० पारित गर्दै सम्पन्न भयो । जसमा वडाअध्यक्षहरू रुद्रमान गुरुङ, चेतबहादुर गुरुङ, दूधमान तामाङ, बलबहादुर गुरुङ, घनश्याम घले, तिल बहादुर गुरूङ, धनसिं तामाङ, हरिश्चन्द्र थापा, गाउँसभा सदस्य लोक बहादुर थापाले प्रस्तुत बजेटमाथि टिप्पणी गर्नुभएको थियो भने सभाका अध्यक्ष अर्जुन गुरुङज्यूको प्रस्तावमा बजेट तथा कार्यक्रम र विधेयकहरू सर्वसम्मत रूपमा पारित भयो ।


Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal




## आर्थिक वर्ष २०८०/८१ को बजेट विवरण



## मर्स्याङ्दी ग्रुपको पहिलो भेला सम्पन्न




**मर्स्याङ्दी गाउँपालिका, २६ असार ।**

"मर्स्याङ्दीको विकासको लागि मर्स्याङ्दी ग्रुप मार्फत सबै जुटौं, आर्थिक समृद्धि र रोजगारी सृजना गरौं!" भन्ने नारा सहित मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूको अध्यक्षतामा भएको भेलामा अध्यक्षज्यूले मर्स्याङ्दी गाउँपालिकाको विभिन्न क्षेत्रहरूको अवसर, सम्भावना र चुनौतीहरू र मर्स्याङ्दी ग्रुपको औचित्य बारे प्रस्तुतीकरण गर्नुभएको थियो ।भेलामा विभिन्न क्षेत्र पेशा, व्यवसायमा सक्रिय करिब डेढ सय युवाहरूको उपस्थिति थियो ।





### अवसर र सम्भावनाहरू

- साना जल विद्युत आयोजना
- पर्यटन
- कृषि तथा पशुपालन
- जडिबुटी फार्मिङ तथा प्रशोधन
- ढुङ्गा बालुवा
- पेट्रोल पम्प
- पानी, प्लाईउड उद्योग आदि

### चुनौतीहरू

- लगानीको अभाव - उत्पादन र उद्यममा निजी लगानीहरू नबढ्नु ।
- सामुहिक व्यवसाय/उद्यम गर्ने परिपाटीको कमी । विश्वासको संकट ।
- अल्पकालिन र दिर्घकालिन योजनाको कमि ।
- बजार अभाव
- युवा शक्ति विदेशिनु आदि

### लगानीको मोडालिटी

- बास्केट फण्डमा लगानी
- फरक फरक व्यवसायमा फरक फरक लगानी
- लगानीको सिमा निर्णारण (न्युनतम तथा अधिकतम लगानी)
- न्यूनतम रु.२-१० र अधिकतम रु.१०-५० लाख वा आवश्यकता अनुसार

विविध अनुगमन मर्स्याङ्दी बुलेटीन
वर्षः २ अङ्कः १३ मितिः २०८० साउन १० गते, बुधबार
संरक्षकः अर्जुन गुरुङ सल्लाहाकारः तारा बहादुर तामाङ प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## "नयाँ बाखा पकेट कार्यक्रम" अन्तर्गत खोर शुधार कार्यक्रम अनुगमन

**मर्स्याङ्दी गाउँपालिका, २ असार ।**
मर्स्याङ्दी गाउँपालिकाको आ.व. २०७९/०८० को वडा नं. ४ को नास्कुचे र झितै गाउँमा "नयाँ बाखा पकेट कार्यक्रम" अन्तर्गत खोर शुधार कार्यक्रम मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूको नेतृत्वमा अनुगमन । मर्स्याङ्दी गाउँपालिका उपाध्यक्ष जुनामायाँ थापा, प्राबिधिक शाखा प्रमुख ई. सुरेश गौतम, पशु शाखा प्रमुख जिवनमाया ओली, कृषक लगायत उपस्थित । कार्यक्रम अन्तर्गत वडा नं. ४ को नास्कुचे र झितै टोलको १० जना बाखा पालक किशानहरुको शुधारिएको खोर निर्माण गरिएको छ ।





## बेसिशहर चामे सडकको (बेसिशहर-खुदी खण्ड) स्तरोन्नति र कालोपत्रेको तयारी भईरहँदा अनुगमन





**मर्स्याङ्दी गाउँपालिका, १ असार ।**
लमजुङ र मनाङ जिल्लाको लाईफलाईनको रुपमा रहेको बेसिशहर चामे सडकको (बेसिशहर-खुदी खण्ड) स्तरोन्नति र कालोपत्रेको तयारी भईरहँदा अनुगमन । अनुगमन टोलिमा लमजुङ प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारी, सडक डिभिजन प्रमुख ई. रबिन्द्र दास, मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङ, वडा नं. ३ का वडा अध्यक्ष दुधमान तामाङ, बेसिशहर-खुदी सडक सरोकार समिति संयोजक सुर्यप्रकाश कतिला निर्माण व्यबासायिका प्रतिनिधि सहितको उपस्थिति । निर्माण समय अवधीमै सम्पन्न गर्न र गुणस्तरीय हुनुपर्नेमा विशेष जोड दिइएको थियो ।

## अलैंची जोन वायर हाउस र मर्स्याङ्दी आधारभूत अस्पतालको अनुगमन



**मर्स्याङ्दी गाउँपालिका, ३० असार ।**
मर्स्याङ्दी गाउँपालिकाका वडा नं. ६ दोभानचौर स्थित अलैंची जोन वायर हाउस, वडा नं ७ स्थित निर्माणाधीन मर्स्याङ्दी आधारभूत अस्पतालको अनुगमन मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङ, वडा नं. ७ का अध्यक्ष तिल बहादुर गुरुङ तथा सोहि वडाका निवर्तमा वडाध्यक्ष युवक घले लगायतको टोलीबाट सम्पन्न ।




Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

संरक्षकः अर्जुन गुरुङ सल्लाहाकारः तारा बहादुर तामाङ प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## मौलिक खाना तथा अतिथि सत्कार सम्बन्धी तालीम सम्पन्न

**मर्स्याङ्दी गाउँपालिका, २५ असार।**

मर्स्याङदी गाउँपालिका र ईको हिमाल नेपालको साझेदारीमा मर्स्याङदी ७ स्थिवत बि एन्ड बि ब्यबस्थापन समितिको आयोजनामा "मौलिक खाना तथा अतिथि सत्कार सम्बन्धी तालीम " आज अन्तिम दिन समापन कार्यक्रममा मर्स्याङदी गाउँपालिका वडा नः ७ का वडा सदस्य सन्च राम गुरुङ्ज्युको प्रमुख आतिथ्यतामा ईको हिमालका कृषि अधिकृत एलिजा घिमिरेको अध्यक्षतमा अतिथिहरु मर्स्याङ्दी ७ का वडा सदस्य तिल कुमारी थापा ,पुर्ब कार्यपालिका सदस्य चितरी तामाङ, पुर्ब वडा सदस्य इन्द्र प्रसाद तामाङ लगायत उपस्थित हुनुहन्थ्यो सम्पुर्ण तालीममा सहभागीहरुलाइ प्रमुख अतिथि सन्च राम गुरुङबाट प्रमाण पत्र बितरण गरिएको थियो। कार्यक्रमको सहजीकरण इको हिमालको कान्छा लामाले गर्नुभएको थियो ।









## मेड्पा कार्यक्रम अन्तर्गत एड्भान्स सिलाइकटाई सीप विकास तालिम सम्पन्न

**मर्स्याङ्दी गाउँपालिका, ११ असार ।**

मर्स्याङ्दी गाउँपालिकाको आयोजनामा संचालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत मर्स्याङ्दी गाउँपालिका वडा नं. ६, बाहुनडाँडामा संचालित स्तरोन्नति तर्फ एड्भान्स सिलाइ कटाई सीप विकास तालिम यसै वडाका कार्यवाहक वडाअध्यक्ष श्री तारालाल थापा ज्यूको अध्यक्षतामा सम्पन्न गरियो । कार्यक्रममा वडा सदस्य रिता परियार, कार्यक्रम सम्पर्क व्यक्ति वसन्त बरुवाल, प्रशिक्षक विष्णुमाया परियार लगायत सहभागी ज्यूहरूको उपस्थिति रहेको थियो। जसमा तालिम प्रर्शिक्षार्थी ६ जनाको सहभागी रहेको थियो भने प्रशिक्षण विष्णुमाया परियारले दिनु भएको थियो ।









वर्षः २ | अङ्कः १३ | मितिः २०८० साउन १० गते, बुधबार
संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## रैथाने खाधान्नमा आधारित परिकार विविधिकरण तालिम सम्पन्न




**मर्स्याङ्दी गाउँपालिका, १७ असार ।**

मर्स्याङदी गाउँपालिका कृषि विकास शाखाको आयोजनामा मिति २०८० असार १६ र १७ गते दुई दिने रैथाने खाधान्नमा आधारित परिकार विविधिकरण तालिम गाउँपालिकाका २५ जना होम स्टे तथा निजि रेस्टुरेन्ट संचालकहरुलाई प्रदान गरियो ।

सेफ इभन जोशीद्वारा प्रशिक्षण दिइएको उक्त तालिममा कोदोको हलुवा, फापरको हलुवा, कागुनोको खिर, कोदोको मम, कोदोको प्यानकेक, कोदोको पिजा, कोदोको बिस्कुट, कोदोको निम्किन, कोदोको कप केक ईत्यादी परिकारहरू तयार गरिएको थियो ।





कोदोको मःम



कोदोको पिज्जा



कोटोको दुनोट



कोदोको निम्कीन



कोदोको कप केक



कोदोको प्यानकेक








Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

# विविध
कृषि
# मर्स्याङ्दी बुलेटीन
वर्षः २ अङ्कः १३ मितिः २०८० साउन १० गते, बुधबार
संरक्षकः अर्जुन गुरुङ सल्लाहाकारः तारा बहादुर तामाङ प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति


## जैविक विविधता प्रदर्शनी ब्लक(Diversity Block) निर्माण




**मर्स्याङ्दी गाउँपालिका, असार ।**

मर्स्याङदी गाउँपालिका, कृषि विकास शाखाको समन्वयमा रैथाने जातको बीउको संरक्षण हुनेगरी **Diversity research block** बनाइएको छ । घनपोखरा कृषि सहकारी संस्था तथा सामुदायिक बीउ बैंकको बारीमा यो वर्ष मर्स्याङ्दी गाउँपालिकाको लोप उन्मुख रैथाने २३ जातको धानहरु र नेपालको विभिन्न ठाउँको लोप उन्मुख रैथाने ४० जातको धानहरु गरि जम्मा ६३ जातको जैविक विविधता प्रदर्शनी ब्लक(**Diversity Block**) निर्माण।





## किसान सुचिकरण कार्यक्रम सम्पन्न



**मर्स्याङ्दी गाउँपालिका, ९ असार ।**

मर्स्याङ्दी गाउँपालिकाका वडा नं. १, वडा नं. ५ र वडा नं ६ मा गाउँपालिका अन्तर्गत कृषि विकास शाखाबाट किसान सूचीकरण कार्यक्रम सम्पन्न भएको छ । वडागत रूपमा सम्पन्न गरिएको सुचिकरण कार्यक्रमबाट प्राप्त सूचि सम्बन्धित वडामा नै उक्त वडाहरूको वडा समितिको बैठकबाट प्रमाणिकरण समेत गरिएको थियो ।





Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

वर्षः २ अङ्कः १३ मितिः २०८० साउन १० गते, बुधबार
संरक्षकः अर्जुन गुरुङ सल्लाहाकारः तारा बहादुर तामाङ प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## अनुदानमा बिरुवा विरण कार्यक्रम सम्पन्न

**मर्स्याङ्दी गाउँपालिका, असार ।**

मर्स्याङ्दी गाउँपालिकाका कृषि विकास शाखाद्वारा विभिन्न बिरुवा वितरण कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रम अन्तर्गत ग्राफ्टेड सुन्तलाका विरुवाहरु, कागती, एभोकाडो, आँप, कफि, केरा, टिमुर, लिचि लगायतका बिरुवाहरू मर्स्याङ्दी गाउँपालिका अन्तर्गतका किसानहरूलाई अनुदानमा वितरण गरिएको थियो ।











## अनुदानमा विविध कृषि सामाग्री वितरण कार्यक्रम सम्पन्न





**मर्स्याङ्दी गाउँपालिका, असार ।**

मर्स्याङ्दी गाउँपालिकाका कृषि विकास शाखाद्वारा विभिन्न कृषि सामाग्री वितरण कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रम अन्तर्गत टनेल प्लाष्टिक, हजारी, गार्डेन (लुज) पाइप, विषादी छर्ने स्प्रेयर लगायतका सामाग्रीहरू मर्स्याङ्दी गाउँपालिका अन्तर्गतका किसानहरूलाई अनुदानमा वितरण गरिएको थियो ।





Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

मर्स्याङ्दी बुलेटीन

वर्षः २ अङ्कः १३ मितिः २०८० साउन १० गते, बुधबार

संरक्षकः अर्जुन गुरुङ सल्लाहाकारः तारा बहादुर तामाङ प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## पशु सेवा कार्यक्रम अन्तर्गत मत्स्य भुरा वितरण कार्यक्रम

**मर्स्याङ्दी गाउँपालिका, १४ असार ।**

मर्स्याङदी गाउँपालिका अन्तर्गत पशु सेवा शाखाको अयोजनामा मत्स्य मिसन कार्यक्रम अन्तर्गत मिति २०८०/०३/१४ गते मत्स्य भुरा वितरण कार्यक्रम मर्स्याङदी गाउँपालिका वडा नं ०७ का वडा अध्यक्ष श्री तिल बहादुर गुरुङ ज्यू को अध्यक्षता सम्पन्न भएको थियो। उक्त कार्यक्रम अन्तर्गत १४ जना मत्स्य पालक किसानहरुलाई कमन कार्प, ग्रास कार्प, बिगहेड कार्प, रोहु, नैनि गरी विभिन्न ५ जातका मत्स्य भुरा वितरण गरिएको थियो। उक्त कार्यक्रममा वडा न. ०७ का वडा अध्यक्ष तिल बहादुर गुरुङ,पशु सेवा प्राविधिक जीवनमाया वली, पशु स्वास्थ्य प्राविधिक राहुल कुमार महतो, जिन्सि शाखा प्रमुख वसन्त बरुवाल, वडा सचिव पवित्र घर्ति मगर, वडा पशु प्राविधिक दिपा कुसारि र कृषकहरुको उपस्थिति रहेको थियो।



## लम्पी स्किन रोगको खोप गाई गोरुमा लगाउने कार्य सम्पन्न

**मर्स्याङ्दी गाउँपालिका, असार ।**



वि.सं. २०७७ सालमा नेपालमा पहिलो पटक देखा परेको लम्पि स्किन रोग हाल नेपालको ७७ वटै जिल्लामा महामारीको रुपमा फैलिएको छ । यो रोग लागेका पशुमा उच्च ज्वरो आउने, दानापानि नखाने, दुध उत्पादन घट्ने,छालाम गोलो/गाँठाहरु देखिने, र्याल, सिगान, आँसु बग्ने, चिप्रा/कचेरा लाग्ने, खोट्टा/जोर्निहरु सुनिने जस्ता लक्षण देखिन्छ। यस रोगले मुख्यतया बाच्छाबाच्छी, जोत्ने गोरु,उन्नत जातका बढी दुध दिने दुधालु र गर्भिणी गाईभैंसीलाई असर गर्दछ। यो रोग सामान्यतया टोक्ने वा रगत चुस्ने झिङ्गा,किर्णा,लामखुट्टे तथा भुसुना जस्ता किराहरुको टोकाईबाट र संक्रमित पशुको ओसारपोसार, संक्रमित पशु संग सम्पर्कमा आएका पशुहरुमा चाडै फैलन सक्ने हुन्छ। यस रोगको प्रभाबकारि उपचार नहुने भएका रोग लाग्न नदिनु नै उत्तम उपाय हो ।यस रोगको रोकथामको लागि निरोगि पशुहरु लाई खोप लगाउने, रोगि पशुको यथाशिघ्र लक्षण अनुरुप प्राविधिकको सल्लाह अनुसार उपचार गराउने, संक्रमित पशुको ओसारपोसर नगर्ने, खोर/गोठ सफा राख्ने,जैविक सुरक्षा अपनाउने । पशु सेवा विभागको तथ्याङ्क अनुसार हाल सम्म नेपाल भरि १०,५४,००० (दश लाख चवन्न हजार) भन्दा बढी गाईगोरुहरु यो रोगबाट संक्रमित भएका छन भने ४८,००० भन्दा पशुवस्तुको मृत्यु भईसकेको छ। त्यसै गरि यस लमजुङ जिल्ला मर्स्याङ्दी गाउँपालिकामा हाल सम्म २०३ गाईगोरुहरु यो रोगबाट संक्रमित भएका छन भने ११ वटा पशुको मृत्यु भएको छ । गाउँपालिका अन्तर्गत हालसम्म ६२३ वटा गाईगोरुहरुमा खोप कार्य सम्पन्न भई सकेको छ ।







Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

वर्षः २ | अङ्कः १३ | मितिः २०८० साउन १० गते, बुधबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## मेड्पा कार्यक्रम अन्तर्गत ब्याङ बोयर बोका हस्तान्तरण

**मर्स्याङ्दी गाउँपालिका, २२ असार ।**

मर्स्याङ्दी गाउँपालिकाको आयोजनामा संचालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत गठन गरिएको प्रगतिशील लघु उद्यमी समूह मर्स्याङ्दी गाउँपालिका वडा नं-४, ताघ्रीङ र कृषि तथा पशुपालन लघु उद्यमी समूह वडा नं-५, घेर्मुका सहभागीहरुलाइ मर्स्याङ्दी गाउँपालिका वडा नं-७, डादीमा यसै वडाका वडाध्यक्ष श्री तिल बहादुर गुरुङ ज्यूको अध्यक्षतामा ब्याङ बोका हस्तान्तरण गरिएको छ। मर्स्याङ्दी गाउँपालिका वडा नं-५, का अध्यक्ष श्री घनश्याम घले ज्यूको विशेष उपस्तिथिमा, वडा नं-५ का वडा सदस्य विछ बहादुर गुरुङ, मेड्पा कार्यक्रम सम्पर्क व्यक्ती श्री वसन्त बरुवाल, वडा सचिव पवित्रा घर्ती र पशु शाखा प्रमुख जीवनमाया वली जूको उपस्तिथिमा कार्यक्रम सम्पन्न गरिएको हो।





**मर्स्याङ्दी गाउँपालिका, २६ असार ।**

साथै गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत अघिल्लो आ.व. २०७८/७९ मा आधारभूत सिलाई कटाई सिप विकास तालिम प्राप्त वडा नं. ६ का प्रशिक्षार्थीहरु मध्ये चालु आ.व.मा स्तरोन्नति तर्फ एड्भान्स सिलाईकटाइ सीप विकास तालिम लिएका सहभागीहरूलाई आइरन हस्तान्तरण कार्यक्रम सम्पन्न गरियो।

## व्यक्तिगत र पुनःश्रम स्वीकृति अब आफ्नै पालिकाबाट

**मर्स्याङ्दी गाउँपालिका, २० असार ।**

मर्स्याङ्दी गाउँपालिकाले व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृति गाउँपालिकाबाटै दिन सुरु गरेको छ । असार २० गते बुधबारदेखि पालिकाबाटै श्रम स्वीकृति दिन सुरु गरिएको हो । व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृति लिन अब काठमाडौं जान नपर्ने र पालिकाबाटै सेवा लिन सकिने भएको छ । गाउँपालिकाले पहिलो पटक बुधबार वडा नं. ३ टारीकुनाका दुर्गाबहादुर तामाङलाई कतार जानका लागि पुनः श्रम स्वीकृति प्रदान गरेको हो । अबदेखि रोजगारीमा जाने हरेक नागरिकले पालिकाबाटै उक्त सेवा लिन सक्नेछन् ।



## राष्ट्रिय विभूति सरदार भक्ति थापाको २७८ औं जन्मजयन्ती





**मर्स्याङ्दी गाउँपालिका, १४ असार ।**

राष्ट्रिय विभूति सरदार भक्ति थापाको २७८ औं जन्मजयन्ती उनको जन्मस्थल मर्स्याङ्दी गाउँपालिका -३, ढगैंवेसीमा मिति २०८० असार १४ गते मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूको अध्यक्षतामा एक कार्यक्रमको आयोजना गरि मनाइयो ।



Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

मर्स्याङ्दी बुलेटीन

वर्षः २ | अङ्कः १३ | मितिः २०८० साउन १० गते, बुधबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## साबित्रा भण्डारी (साम्बा) लाई बधाइ तथा शुभकामना कार्यक्रम

**मर्स्याङ्दी गाउँपालिका, ११ असार ।**

साम्बाको फुटबल संघर्ष :सिमपानीको बाँझोदेखि युरोपको खेल मैदानसम्मको यात्रा । नेपालको फुटबल जगतमा उदयमान नेपाली राष्ट्रिय खेलाडी मर्स्याङ्दी गाउँपालिकाकी चेली साबित्रा भण्डारी (साम्बा)लाई युरोपियन लिग प्रतियोगितामा छनौट हुनुभएकोमा मर्स्याङ्दी गाउँपालिकाद्वारा एक कार्यक्रम बिच बधाई तथा शुभकामना प्रदान गरियो । उहाँको उज्वल भविष्यको शुभकामना !








## सू.प्र.अ. भरत राज बाँस्तोलाको विदाइ तथा शुभकामना कार्यक्रम

**मर्स्याङ्दी गाउँपालिका, १९ असार ।**

मर्स्याङ्दी गाउँपालिकामा २०७४ साल फागुन महिना देखी सूचना प्रविधि अधिकृत पदमा कार्यरत इन्जिनियर भरत राज बाँस्तोलाको मिति २०८० असार १९ गते जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत तथा कर्मचारीहरूको उपस्थितिमा एक कार्यक्रमको आयोजना गरि बिदाइ गरियो । आफ्नो उच्च शिक्षाको लागि अष्ट्रेलिया प्रस्थान गर्नुभएको उहाँलाई उज्वल भविष्यको शुभकामना !










Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

वर्षः २ | अङ्कः १३ | मितिः २०८० साउन १० गते, बुधबार
संरक्षकः अर्जुन गुरुङ
सल्लाहाकारः तारा बहादुर तामाङ
प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## विद्यालय मानसिक स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न

बालबालिकाहरू शारीरिक, मानसिक र सामाजिक रूपमा विकासको अवस्थामा नै हुन्छन् । त्यस कारण उनीहरू मानसिक तथा मनोसामाजिक स्वास्थ्य समस्याहरूको बढी जोखिममा हुने गर्दछन् । विश्व स्वास्थ्य संगठनको तथ्याङ्क अनुसार ५०% मानसिक स्वास्थ्य समस्याहरू १४ वर्ष मुनिको उमेरबाट शुरु हुन्छन् । सोही तथ्याङ्कले प्रत्येक ५ मध्ये १ जना बालबालिकामा निदान गर्न सकिने खालका मानसिक स्वास्थ्य समस्याहरू हुने गरेको बताउँदछ । बालबालिकाहरूको भावनामा स-साना कुराहरूले पनि सजिलै प्रभाव पार्दछन् । उनीहरूमा राम्रा नराम्रा दुवै घटनाहरूले वयस्क भन्दा बढी र गाढा प्रभाव पार्दछ । उनीहरूले धेरैजसो क्रियाकलापहरूको पूर्ण रूपमा जिम्मेवारी लिने अवस्था, विकास भईसकेको हुँदैन । त्यस कारणले बालबालिकाहरूमा विभिन्न किसिममा मानसिक तथा मनोसामाजिक समस्याहरू देखिन सक्छन् । यीनै कुराहरूलाई मध्यनजर गर्दै मर्स्याङ्दी गाउँपालिका स्वास्थ्य शाखा अन्तर्गत मनोसामाजिक विमर्शकर्ता शर्मिला घिमिरेद्वारा गाउँपालिका अन्तर्गतका विभिन्न विद्यालयहरूमा विद्यालय मानसिक स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न गरियो ।







## के तपाईलाई थाहा छ ?







### राष्ट्रिय विभूती सरदार भक्ति थापा




### राष्ट्रकवि माधव प्रसाद घिमिरे



### भुगोलविद डा. हर्क गुरुङ




## मर्स्याङ्दी बुलेटीन

स्क्यान गरि वा
https://marsyangdimun.gov.np/bulletin
मा गई अन्य संस्करण पनि पढ्न सक्नुहुनेछ ।

मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति
मर्स्याङ्दी गाउँपालिका
लमजुङ